मुनाल
नेपाल पन्छी संरक्षण संघको त्रैमासिक पत्रिका
वर्ष २६ अङ्क १ बैशाख/असार २०८२

# भँगेरा संरक्षणमा गाउँको सक्रियता

- भूपाल नेपाली

लुम्बिनी प्रदेश, रुपन्देही जिल्लाको लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. २ मा अवस्थित लम्तिहवा गाउँ, भँगेरा चरा संरक्षण कार्यमा सक्रिय भएको छ। यस गाउँमा मल्लाह, यादव, बाँनिया, चमार र कुर्मी समुदायका मानिसहरूको बसोबास रहेको छ। उहाँहरूको मुख्य पेशा कृषि, मजदुरी र आंशिक रुपमा सरकारी जागिर हो। उहाँहरूको स्थानीय भाषामा भँगेरा चरालाई 'फुरगुद्दी/गौरैया' भनिन्छ। यस गाउँका मानिसहरूले पुरानै समयदेखि भँगेरा चराले सुख र समृद्धि ल्याउँछ भन्ने विश्वास गर्दै आएका छन्। उनीहरू भन्छन्, "भँगेरा घर वरिपरि आएर चिर्बिर गरेमा अन्नबाली राम्रो हुन्छ, घरमा धन आउँछ र पैसाको कमी हुँदैन। ग्रहदशाजस्ता समस्या पनि भँगेराले लिएर जान्छ र घरमा शान्ति रहन्छ"। यस्तो पनि मान्यता छ कि यदि कुनै पुरुषकी श्रीमती छिट्टै मरेकी छ भने, उनले दोस्रो विवाह गर्नुअघि भँगेरासँग विवाह गरेमा उनको नयाँ पत्नी दीर्घायु हुन्छिन् र वैवाहिक जीवन सुखी तथा लामो हुन्छ। आफ्ना बालबालिकाहरूले मधुर आवाज निकाले झै भँगेरा चराले पनि घर आँगनमा चिरबिर चिरबिर गरी आवाज निकाली घर नै ससिलो र शोभायमान देखिन्छ।



*भँगेरा संरक्षण कार्यमा सक्रिय रहेको लम्तिहवा गाउँ, लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देही*

# सम्पादकीय

नेपाल पन्छी संरक्षण संघद्वारा प्रकाशनमा ल्याइएको 'मुनाल' त्रैमासिक खबरपत्रिका, वि.स. २०५७ माघदेखि अहिले २५ औं वर्षसम्म निरन्तर प्रकाशित हुँदै आएको र यो खबरपत्रिकाले हालसम्म पन्छी एवम् जैविक विविधता संरक्षणको अभियानमा समर्पित रहेर विभिन्न महत्त्वपूर्ण पक्षका विषयवस्तुहरुलाई समेट्दै जनस्तरसम्मका पाठकहरुमाझ पस्किँदै आएको छ।

यो खबरपत्रिकाको मूल उद्देश्य नेपालमा रहेका चराहरु र तिनको वासस्थान संरक्षणको बारेमा जनसमुदायमा जनचेतना फैलाउनु हो। यसै अनुरुप, प्रत्येक अङ्कमा हामी एक मुख्य लेख प्रस्तुत गर्दछौँ, जसमा चराचुरुङ्गी, जैविक विविधता र तिनीहरुको संरक्षण सम्बन्धित नवीनतम विषयवस्तु, चुनौती एवम् सफलताहरु समेटिन्छन्।

यस प्रकाशनमार्फत व्यक्तिगत अनुभवमा आधारित लेखहरु समेत समावेश गरिन्छ, जसमा चराप्रेमी, संरक्षणकर्मी, विद्यार्थी वा समुदायका प्रतिनिधिहरुले चराको अवलोकन, संरक्षणको यात्राका रोचक घटनाहरु तथा सिकाइहरु प्रस्तुत गर्दा अरुपनि त्यसबारे सुसूचित र सचेत हुँदै आएका छन्।

यसका अतिरिक्त, नेपाल पन्छी संरक्षण संघको केन्द्रीय तथा फील्ड कार्यालयहरुबाट चालु त्रैमासिक अवधिमा सञ्चालन गरिएका कार्यक्रम, अभियान र गतिविधिहरुको संक्षिप्त विवरण यसमा समावेश हुँदै आएका छन् जसले हाम्रो गतिविधिप्रति पारदर्शिता कायम राख्नकासाथै पाठकहरुलाई नवीन जानकारी प्रदान गर्छ।

हामीले प्रत्येक अङ्कमा नयाँ आजीवन सदस्यहरुको नाम समावेश गर्दै उहाँहरुको समर्थनप्रति आभार प्रकट गर्ने गर्दछौँ। यस कार्यले संस्था र सदस्यबीचको सम्बन्धलाई अझ प्रगाढ, चुस्त र विश्वसनीय सञ्जाल बिस्तार भइरहेकोमा हामी हाम्रो कार्यमा गर्व महसुस गर्दछौँ।

अन्त्यमा, मुनाल एउटा खुला मञ्च पनि हो, जहाँ सबै पृष्ठभूमिका व्यक्तिहरु-विद्यार्थीदेखि लिएर, संरक्षणकर्मी वा साहित्यप्रेमी-जो कोहीका चरासम्बन्धी कविता, गजल, रचनात्मक विचार वा चित्रकला जसले प्रकृति र संरक्षणप्रति जनचेतना अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुर्‍याइरहेको हुन्छ त्यस्ता रचनाहरुले स्थान पाउँदै आएका छन्।

यो प्रकाशन हाम्रा पाठक, सदस्य र संरक्षणका शुभेच्छुकहरुप्रति समर्पित रहेको छ त्यसैले आउँदा दिनहरुमा पनि यहाँहरुको निरन्तर साथ र सहयोग रहिरहने छ र मुनाललाई अझ समृद्ध, जनमुखी एवम् बहुआयामिक बनाउन सघाउने छ भन्ने कुरामा विश्वस्त छौँ।

पूर्वजहरुको भँगेरा पाल्ने चलन तथा रीतिरिवाजहरुलाई कायम राख्ने आदि मूल्य, मान्यता र आस्थाको लागि उनीहरु भँगेरा संरक्षण कार्यमा लागेको कुरा सोही गाउँ निवासी भँगेरा चराप्रेमी मैनावती मल्लाह बताउँछिन।

पहिलेको समयमा खरले छानो छाएको कच्ची घर हुन्थे। घरको विभिन्न भागमा खोपा/प्वाल हुन्थे र त्यसैमा भँगेराहरुले प्रशस्त मात्रामा गुँड लगाई बच्चा कोरल्थे र प्रशस्त मात्रामा भँगेराहरु हुन्थे। पछिल्लो समयमा आधुनिकीकरण सँगै पक्की र ढलान घरहरु निर्माण हुँदै जाँदा भँगेराको संख्या र वासस्थानमा कमी आएको कुरा सोही गाउँका निवासी श्री जन्तन मल्लाह र अनिल मल्लाहले बताए। घरको कोठाभित्र पहिले भँगेराको गुँड बनाउँदा र पङ्खा चलाउँदा भँगेराहरु मरेकाले त्यस गाउँका मानिसहरुले भँगेराको वासस्थान संरक्षण र प्रजनन्को लागि अधिकांशले आफ्नो घरहरुको बाहिरी भित्ताहरुमा काठ र कागजको



*भँगेरा संरक्षणका बारेमा नेपाल पन्छी संरक्षण संघका परियोजना अधिकृत श्री भूपाल नेपालीसँग कुराकानी गर्दै स्थानीय भँगेराप्रेमी मैनावती मल्लाह*

कार्टुनको खोर बनाएका छन्। भँगेरा लगायत अन्य चराहरुको लागि आआफ्नो घरको छेउछाउमा बोटबिरुवाहरु लगाएका छन्। त्यस गाउँका अधिकांश मानिसहरुको आफ्नै घरको बाहिर पानीको लागि चापाकल छ र अन्नको भकारी पनि बाहिर आँगनमै छ, जसले गर्दा सजिलैसँग भँगेराले पानी र आहारा लिन्छन्। त्यस गाउँका मानिसहरुले भँगेरालगायत अन्य चराहरुलाई मार्न दिँदैनन् र गाउँका बालबालिकाहरुलाई गुलेलीले चरा मार्न हुँदैन भनी सचेत गराउँछन्।

'चरालाई चार' अभियानमा सहकार्य गरौं।
a BCN initiative to save Nepal's endangered birds.
PLEDGE AND DONATE TODAY

हरेक वर्षको अंग्रेजी मार्च महिनाको २० तारिखका दिन विश्व भँगेरा संरक्षण दिवस मनाइन्छ। यो दिवस सन् २०१० देखि विश्वव्यापी रूपमा मनाउन थालिएको छ भने नेपालले सन् २०१२ देखि यो दिवस मनाउन थालेको हो। किसानको साथी तथा पारिस्थितिकीय प्रणालीको अभिन्न अङ्ग भँगेरा हाल विश्वबाट घट्दै गइरहेको विकराल अवस्था, भँगेराको महत्त्व र संरक्षणका बारेमा आम समुदायहरूमा चेतना फैलाई भँगेरा संरक्षण गर्ने उद्देश्यले नेपाल पन्छी संरक्षण संघले विभिन्न सरकारी, गैर सरकारी सामाजिक संघसंस्था, स्थानीय साझेदार संस्थाहरू, विद्यालयका बालबालिका तथा शिक्षकहरूसँग समन्वय र सहकार्य गरी भँगेरा पहिचान, गणना तथा विभिन्न चेतना अभिवृद्धिमूलक कार्यक्रमहरू गरी नेपालमा विश्व भँगेरा संरक्षण दिवस तथा भँगेरा संरक्षण अभियान शुरु गर्दै आएको जानकारी नेपाल पन्छी संरक्षण संघकी प्रमुख कार्यकारी अधिकृत इशाना थापाज्यूले बताउनु भयो।



*पछिल्लो समयमा भँगेराको वासस्थान र संख्यामा ह्रास आउने कारण र संरक्षणका प्रयासका बारेमा आफ्नो राय राख्दै स्थानीयवासी श्री जन्तन मल्लाह र अनिल मल्लाह*

नेपालमा हालसम्म ९०१ भन्दा बढी प्रजातिका चराहरू रेकर्ड गरिएको छ। तीमध्ये भँगेरा एक प्रजाति हो। भँगेराहरू खैरा र फुस्रा रङका हुन्छन् (कहिलेकाहीँ काला) जसको प्वाँखसम्म प्रस्टै देखिने सेतो हुन्छ। नेपालमा घर भँगेरा, रुख भँगेरा, कैलो भँगेरा, पीतकण्ठे भँगेरा र चित्रपृष्ठ भँगेरा पाइन्छन्। जब, मानव ढुङ्गे युगबाट कृषि युगमा प्रवेश गर्यो त्यतिबेला देखिनै भँगेरा र मानव जातिको सम्बन्ध नजिकिँदै गयो। घर भँगेरा हाम्रो घरको खोपा, छाना, प्वाल, बतासी, मठमन्दिर, पौवा, गुम्बा आदिमा बस्न रुचाउँछन् भने रुख भँगेराले हाम्रो घरको वरिपरि रहेका रुख, झाडी, करेसाबारी र बगैंचा आदिमा बस्न रुचाउँछन् र त्यहीँ गुँड बनाएर बच्चा कोरल्छन्। अन्य प्रजातिका भँगेराहरूले बाहिरै अन्यत्र स्थानमा बस्न मन पराउँछन्।

## भँगेराको महत्त्व, चुनौती र संरक्षणका प्रयासहरू

**भँगेराको महत्त्व:** भँगेराले अन्नबाली (धान, चामल, गहुँ, घरको जुठ्यानमा रहेका खाना आदि) त खान्छन् नै तर अन्नबालीमा लाग्ने कतिपय हानिकारक कीरा फट्याङ्ग्रा तथा लार्भा खाई कृषि उत्पादन बढाउन मद्दत गर्छन्। यति मात्र होइन पारिस्थितिकीय प्रणालीमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै कुनै आपद्विपद्को पूर्व जानकारी समेत दिने गर्दछन्।

**भँगेरा संरक्षणमा चुनौती:** यसरी मानव जातिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने पन्छी भँगेरा दिन प्रतिदिन विश्वबाट निम्न कारणले लोप हुने अवस्थामा पुगेका छन र संरक्षणमा चुनौती आएको छ।

**वासस्थान विनाश:** पुरानो र परम्परागत भँगेरा चरामैत्री घर नहुनु र रुख बिरुवा विनाश हुनु।

- आहाराको अभाव: आधुनिक अन्नबाली भण्डारमा आएको परिवर्तनले उनीहरूको पहुँचमा अन्न नहुनु र कृषि उत्पादनमा आएको कमी।
- प्रदुषण, कृषिमा अत्याधिक किटनाशक औषधी र विषादीको प्रयोग।
- चेतनाको कमी: भँगेराको महत्त्व नबुझ्नु र यिनीहरूलाई संरक्षण गर्नुको सट्टा मार्ने, छोप्ने र शिकार गर्ने।
- एक अध्ययनले मोबाइल फोन र यसको टावरको र्‍याडिएसनको कारणले भँगेरामा असर परेको बताइन्छ।



भँगेरा संरक्षणका प्रयास: नेपाल पन्छी संरक्षण संघले विभिन्न सरकारी तथा गैर सरकारी सामाजिक र स्थानीय साझेदार संघसंस्थाहरूको सहकार्यमा सन् २०१२ देखि नेपालमा विश्व भँगेरा संरक्षण दिवस, छिमेकी चरा एप्सबाट भँगेरा चरा लगायत अन्य चराहरूको पहिचान तथा गणना, अन्तरक्रिया, छलफल, चित्रकला प्रर्दशनी, र्‍याली आदि विभिन्न चेतना अभिवृद्धिमूलक कार्यक्रमहरू र अभियान सञ्चालन गर्दै आएको छ। तपाईहरूको सानो सहयोगले भँगेरा संरक्षणमा ठुलो टेवा पुर्‍याउन सक्छ। त्यसकारण आउनुहोस भँगेरा संरक्षण अभियानमा हातेमालो गरौँ र लोप हुने अवस्थाबाट भँगेरालाई बचाऔँ।

# चरा र म



मलाई सानैदेखि चराहरुले आकर्षित गर्थे। मलाई सम्झना भएसम्म, म सानो छँदाका हरेक विशेष इभेन्टस्हरुमा चराको प्रसङ्ग जोडिएको छ। मेरो काका नर्वेबाट दूरबिन र क्यामेरा बोकेर आएको दिन मलाई अझै याद छ र अझैपनि जहाँ गएपनि त्यही दूरबिन बोक्छु। चरा हेर्ने मेरो रुचि जगाउन सबैभन्दा ठुलो भूमिका खेल्ने यो दूरबिन मेरो साथीजस्तै बनेको छ।

त्यही दूरबिन बोकेर म, आमा, बाबा र काका छुट्टीमा बर्दिया गएका थियौं। मलाई बर्दिया घुम्दाका धेरै कुराहरू याद त छैन तर एउटा रुखमा दुईवटा साना धनेस देखेको चाहिँ झल्झली सम्झना छ। पहिला कहिले नदेखेका ती अनौठा चराहरू देखेर म सानैदेखि बर्दियाप्रति आकर्षित भएँ। अहिले पनि म वर्षमा कम्तिमा एक पटक छुट्टीको बेला बाबा-आमासँग बर्दिया जान्छु। मैले ती दूरबिन पाएदेखि चरा अवलोकनमा लागेकी थिएँ। म चार वर्षको हुँदादेखि सुरु गरेको चरा अवलोकनको यात्रा अहिले सातौं वर्ष भइसक्यो र अझै जारी छ।

मैले मर्लिन र इबर्ड एपहरुको प्रयोग गर्न थालेको कथा फेरि अर्कै छ। म आठ वर्षको हुँदा बाबाले एउटा क्यामेरा किन्नुभएको थियो। बाबाले त्यसअघि फोनको सहायताले चराका फोटोहरू खिच्नुहुन्थ्यो। बाबा र म नयाँ क्यामेरा बोकेर सधैंजसो बेलुकीपख घरपछाडिको जङ्गलभित्र जाने गर्थ्यौं। हामी फर्कने बाटोमा लप्सीको रुख थियो र फर्कने बेलामा सधैं त्यो रुखलाई हेर्ने गर्थ्यौं। हामीले त्यसदिन पनि लप्सी पाकेको छ कि भनेर हेर्दै थियौं। लप्सीको रुखमा बाबाले एउटा चरा देख्नुभयो। बाबाले चराको फोटो खिचेपछि मैले सोधेँ, "तपाईले चराको फोटो खिचेर के गर्नुहुन्छ ?" बाबाले मर्लिन र इबर्ड एपमा आफूले देखेका चराहरुको विवरण राख्न मिल्छ भनेर सुनाउनुभयो।

घर पुगेर मलाई बाबाले मर्लिन र इबर्ड एप खोलेर देखाउनुभयो। बाबाले देख्नुभएको चराहरू ४८ वटा पुगेका थिए। त्यसैदिन बाबाले मेरो लागि पनि मर्लिन र इबर्डमा अकाउन्ट खोलिदिनु भयो। अनि मैले पनि एपमा आफूले देखेका चराहरुको विवरण राख्न थालेँ। अहिलेसम्म मैले देखेका चराहरुको संख्या २८० पुगेको छ भने बाबाको चाहिँ ३५२ पुगेको छ।

मलाई चराहरू अति नै मन पर्छ। जब म पहिला नदेखेको चरा (लाइफर) भेट्टाउँछु, असाध्यै खुसी हुन्छु। कहिलेकाहीँ मानिसले संसारमा भएका सबै चरा देखेपछि कस्तो हुँदो हो भनेर पनि सोच्छु।

नेपाल पन्छी संरक्षण संघले प्रत्येक शनिबार आयोजना गर्ने चरा अवलोकन कार्यक्रममा सहभागी हुदाँ म सधैं हर्षित हुन्छु। त्यहाँ धेरै अनुभवी पन्छीप्रेमीहरु भेटिन्छन्, जो चराको आवाज सुन्ने बित्तिकै, झुलुक्क चरा देख्ने बित्तिकै कुन चरा हो भन्ने थाहा पाइहाल्छन्। कहिलेकाहिँ त मलाई त्यस्तो खुबी खोसेर आफसँग राखम् कि भन्ने ईर्ष्या मनमा जाग्छ अनि फेरी "म त भर्खरै सुरु गर्दैछु, मैले अझै धेरै कुरा सिक्न बाँकी छ" भन्दै आफलाई सम्झाउँछु। यसरी आफैंलाई उत्प्रेरित गर्दै चरा अवलोकनको यात्रालाई अगाडि बढाइरहेको छु।

चराहरुको सुन्दरता, चञ्चलता, शान्तपन र धैर्यताले प्रत्येक चरालाई फरक, विशेष र अद्वितीय बनाउँछ। म प्रत्येक चरालाई माया गर्छु तर उनीहरुको भविष्यमा हुनसक्ने स्थितिप्रति चिन्तित छु। हरेक वर्ष चराविद्हरुले पहिले देखिएको कुनैकुनै चरा यस पटक नदेखिएको गुनासो गरेको सुन्ने गरेको छु। म आफैंले समेत यो अनुभव गरेकी छु। म सानै छँदादेखि हरेक गृष्म ऋतुमा हाम्रो छिमेकमा बया तोपचराहरू देखिन्थे। तर यस वर्ष एउटा पनि देखिएनन्।

अब कुरा गरौं भक्तपुर जिल्ला अवस्थित मनोहरा क्षेत्रको। चराको लागि उपयुक्त वासस्थान रहेको स्वर्गसमान मनोहरालाई मानिसहरुले ढल र नालीले दुषित बनाइसके। ती हरिया खेतबारीहरू बिस्तारै बिना अर्थका कङ्क्रिट भवनका थुप्रोमा परिणत हुँदैछन्। मलाई मनोहराको अवस्था देखेर अति नै दुःख लाग्छ। मलाई त मनोहरा जान मन लाग्नै छाडिसक्यो। म त खेत मासेर बनाइएका सिमेन्टका घर हेर्न पनि सक्दिनँ। चराका वासस्थान मासिएको हेर्न सक्दिनँ। मनोहरा किनारमा थुप्रिएका फोहोर, पानीमा मिसिएको ढल र प्लास्टिक, यी सबै देख्दा मेरो चित्त दुख्छ। मनोहरा मात्र होइन, चराहरू रमाउने हरेक स्थानमा मानव अतिक्रमण दिनदिनै बढ्दै गैरहेको छ। चरा र तिनका वासस्थान जोगाउन म सधैं सक्दो प्रयास गर्नेछु चराहरुलाई बाँच्न दिन सबैले आ-आफ्नो तर्फबाट सक्दो प्रयास गर्न आह्वान गर्दछु।



**- भेरी कुमार**
कक्षा-६, सेन्ट मेरिज विद्यालय, जाउलाखेल

## शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा खरमुजुरको गणना

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा अति सङ्कटापन्न अवस्थामा रहेको खरमजुर को वार्षिक गणना सम्पन्न भएको छ। लोपको सँघारमा पुगेको यो प्रजातिका चराको सख्या, अवस्था पत्ता लगाउन हरेक वर्ष मार्च र अप्रिल महिनामा खरमजुर गणना गर्ने गरिन्छ। निकुञ्ज कार्यालयको समन्वयमा नेपाल पन्छी संरक्षण संघ र कञ्चनपुर पन्छी संरक्षण समूहद्वारा वैशाख ९ देखि १६ गतेसम्म गणना गरिएको हो।



निकुञ्जका विशाल शुक्लाफाँटा घाँसेमैदानलाई ६ ब्लकमा विभाजन गरेर ११ जना प्राविधिक सहभागीद्वारा चराको गणना गरिएको थियो। यस वर्ष ३ भाले र १ पोथी गरी जम्मा ४ वटा खरमजुर भेटिएका छन्, जुन अघिल्लो वर्षको ५ वटा (३ भाले, २ पोथी) भन्दा एकले कम हो।

## घोडाघोडी ताल क्षेत्रमा चरा अवलोकन घर निर्माण

कैलालीस्थित विश्व रामसार क्षेत्रमा सूचीकृत प्रसिद्ध घोडाघोडी तालमा चरा अवलोकन पर्यटन विकासको लागि चरा अवलोकन घर (Bird




Hide) निर्माण गरिएको छ। यो अवलोकन संरचना प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, धनगढी, कैलालीको आर्थिक सहयोगमा नेपाल पन्छी संरक्षण संघले निर्माण गरेको हो। जेठ र असार २०८२ मा दुई महिनाको अवधिमा सम्पन्न भएको चरा अवलोकन घरले ताल क्षेत्रको चरा अवलोकन पर्यटनलाई थप प्रोत्साहन गर्ने आशा लिइएको छ। तराई क्षेत्रको सबैभन्दा ठूलो सिमसारमध्ये एक मानिने घोडाघोडी ताल सन् २००३ मा विश्व रामसार सूचीमा सूचीकृत भएको थियो। यस क्षेत्रको जैविक विविधता, विशेष गरी चराको उपस्थिति, पर्यावरणीय तथा पर्यटन मूल्यमा निकै महत्त्वपूर्ण मानिन्छ।

## लुम्बिनीमा विश्व वातावरण दिवस मनाइयो

लुम्बिनी साँस्कृतिक नगरपालिका, नेपाल पन्छी संरक्षण संघ, ग्रीन यूथ अफ लुम्बिनी र श्री बलरामपुर माध्यमिक विद्यालयको संयुक्त आयोजनामा २०८२ जेष्ठ २२ तदनुसार ५ जुन २०२५ का दिन लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. २ मा अवस्थित श्री बलरामपुर माध्यमिक विद्यालय रुपन्देहीमा 'Beat Plastic Pollution' भन्ने मूल नाराका साथ ५३ औं विश्व वातावरण दिवस मनाइयो। वातावरणको महत्त्व र प्लास्टिकजन्य प्रदूषण न्यूनीकरणमा हाम्रो दायित्व बारे संचेतना फैलाउने उद्देश्यले यो वातावरण दिवस मनाइएको थियो। कार्यक्रममा स्थानीय सरकारका जनप्रतिनिधि, समाजसेवी, समुदाय, संरक्षणकर्मी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरू, विद्यार्थी, शिक्षक, स्थानीय संघ/संस्थाका प्रतिनिधि र पत्रकार वर्गहरूको सक्रिय सहभागिता रहेको थियो।




विद्यालयको परिसरमा विभिन्न प्रजातिका बिरुवाहरूको वृक्षारोपण, मुजहना टोल/गाउँ तथा विद्यालयको हाताभित्र सरसफाइ र कार्यक्रमका प्रमुख अतिथि, विशिष्ठ अतिथि, सभाध्यक्ष र अतिथि वक्ताहरूले वातावरणको महत्त्व, प्लास्टिक प्रदुषणको असर, जलवायु परिवर्तन, चरा तथा जैविक विविधता संरक्षणमा हाम्रो भूमिकाका बारेमा मन्तव्य व्यक्त गर्नुभएको थियो।

## रेसुङ्गा र मदानेमा मौरीपालनमा सहयोग

नेपाल पन्छी संरक्षण संघ, जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रमले गुल्मी जिल्लाको मदाने र रेसुङ्गा वन संरक्षण क्षेत्रमा मौरी पालन प्रवर्धन गर्ने उद्देश्यले ५ दिने मौरीपालन तालिमको आयोजना गरेको हो। २०८२, जेठ महिनामा आयोजना गरिएको मौरीपालन तालिममा मदाने वन संरक्षण क्षेत्र र रेसुङ्गा वन संरक्षण क्षेत्रका २१ जना सहभागीहरू तालिममा उपस्थित भएका थिए। परियोजना क्षेत्रमा मौरी पालन प्रवर्धन गर्न मदाने र रेसुङ्गाको गरीब तथा सीमान्तकृत किसानलाई २००० वटा मौरीको घार सहयोग समेत गरेको छ।



## रेसुङ्गा र मदाने वन संरक्षण क्षेत्रमा वनविज्ञानका विद्यार्थीहरूको चारदिने अवलोकन भ्रमण सम्पन्न

नेपाल पन्छी संरक्षण संघ, जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रमले जेठ २५ देखि २८ गतेसम्म कृषि तथा वन विश्वविद्यालय, हेटौडा, वन सङ्कायका ३२ जना स्नातक तहका विद्यार्थीहरू र २ जना शिक्षकहरूका लागि चार दिने शैक्षिक अवलोकन भ्रमण आयोजना गरेको छ। भ्रमणको मुख्य उद्देश्य विद्यार्थीहरूलाई वन व्यवस्थापन, जैविक विविधता संरक्षण र चरा संरक्षण सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गर्नु हो। उक्त भ्रमण कार्यक्रममा परियोजनाको बारेमा जानकारी, रेसुङ्गा र मदाने क्षेत्रमा सञ्चालित वन व्यवस्थापन गतिविधिहरू, चरा संरक्षणको महत्त्व तथा पहिचान विधिहरूमा विस्तृत प्रस्तुति दिइएको थियो।

विद्यार्थीहरूले रेसुङ्गा वन क्षेत्रमा चरा अवलोकनसँगै वन तथा फलफुल नर्सरी, जलवायु-मैत्री कृषि फर्म, गिद्ध आहारा केन्द्र, संरक्षण पोखरी लगायतका गतिविधिहरूको स्थलगत अवलोकन गरेका थिए। उनीहरूले स्थानीय किसान, वन उपभोक्ता समूहका सदस्यहरू, विद्यार्थीहरूसँग अन्तरक्रिया गरी समुदायमा सञ्चालित संरक्षण र जीविकोपार्जनका अभ्यासबारे प्रत्यक्ष अनुभव गरेका छन्।

## सङ्कटापन्न सुनौलो तोपचराको गणना

सुदूरपश्चिम प्रदेशको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा मात्र पाइने सङ्कटापन्न सुनौलो तोपचराको वार्षिक गणना सम्पन्न भएको छ। चराको अवस्था र संख्या बुझ्ने उद्देश्यले असार १९-२३ सम्म गरिएको यो गणना नेपाल पन्छी संरक्षण संघले निकुञ्ज कार्यालयको समन्वयमा सम्पन्न गरेको हो। हरेक वर्ष नियमित रुपमा गरिँदै आएको यो





गणना यसपटक निकुञ्जको प्रमुख घाँसेमैदान क्षेत्रहरू–शुक्लाफाँटा, लालपानी, मोहनपुर, सिंहपुर र फाँटालगायत क्षेत्रमा केन्द्रित थियो। हालै सम्पन्न गणनामा ९२ वटा भाले, ६९ पोथी र २३ वटा बच्चा गरी जम्मा १८४ वटा सुनौलो तोपचरा मात्र भेटिएका छन्।

## गर्मी याममा हरिहाँस गणना

विश्व रामसार क्षेत्रमा सूचीकृत प्रसिद्ध घोडाघोडी तालमा सूचक प्रजातिका रूपमा चिनिने हरिहाँसको हालै गणना गरिएको छ। ताल क्षेत्रमा हरिहाँसको संख्या र अवस्थाबारे अद्यावधिक जानकारी सङ्कलन गर्न नेपाल पन्छी संरक्षण संघले डिभिजन वन कार्यालय, पहलमानपुरको समन्वयमा यो गणना गरेको हो। प्रत्येक वर्ष गर्मी र जाडो याममा गरी दुईपटक हरिहाँसको गणना गर्दै आएको छ। यस वर्षको गर्मीयाम गणना असार २५, २६ र २७ गते गरी तीन दिनसम्म सञ्चालन गरिएको थियो। गणनामा १६४ वटा हरिहाँस भेटिएका छन्। नेपालको पहिलो चरा अभय आरण्य क्षेत्र मानिने घोडाघोडी पन्छी आरण्य क्षेत्रमा हालसम्म ३८२ प्रजातिका चराहरूको अभिलेख भइसकेको छ, जसले यो क्षेत्रलाई जैविक विविधताका हिसाबले विशेष महत्त्वको बनाएको छ।

## गुल्मी, पाल्पा र रुकुम (पूर्व) का सामुदायिक वनमा जैविक विविधता तथा पारिस्थितिकीय सेवाबारे कार्यशाला सम्पन्न

नेपाल पन्छी संरक्षण संघ, जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रमले गुल्मी, पाल्पा र रुकुम (पूर्व) जिल्लाका ४१ सामुदायिक वन उपभोक्ता समूहलाई २०८२ असार महिनामा, जैविक विविधता तथा पारिस्थितिकीय सेवासम्बन्धी कार्यशाला सम्पन्न गरेको छ। कार्यशालाहरू डिभिजन वन कार्यालयको समन्वयमा आयोजना गरिएका थिए, जसमा वनको जैविक विविधता, पारिस्थितिकीय सेवा, जलवायु जोखिम न्यूनीकरणका उपायहरू र कार्ययोजनामा ती विषयहरू समावेश गर्ने उपायहरूमा छलफल गरियो। उक्त कार्यक्रममा गुल्मीको रेसुङ्गा र मदाने क्षेत्रमा १८, रुकुम पूर्वमा १३ र पाल्पामा १० सामुदायिक वन समेटिएका थिए। तयार गरिएको यो व्यवस्थापन योजनाहरू सम्बन्धित सामुदायिक वनको कार्ययोजनाको नवीकरणको क्रममा समावेश गरिनेछ। यो अभियानले स्थानीय समुदायमा जैविक विविधता, चरा र दिगो वन व्यवस्थापनप्रति चेतना अभिवृद्धि गरेको छ।

**आफ्नै घर वरिपरि प्रायः देखिने १०० वटा चराहरू समावेश गरिएको**

**छिमेकी चरा**
**मोबाइल एप**
**प्रयोग गरी चरा चिनौँ। एवम् त्यसको गणना गरी छिमेकी चरा अभियानमा सहभागी बनौँ।**

https://play.google.com/store/apps/details?id=com.chhimeki charaapp&hl=ne&gl=US&pli=1

## आजीवन सदस्य

**श्री रुमन श्रेष्ठज्यू** नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ कुशल फोटोग्राफर हुनुका साथै पन्छी तथा जैविकविविधता प्रेमी पनि हुनुहुन्छ।

**श्री विमाया तामाङज्यू** यस नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले सामाजिक उद्यमी हुनुका साथै कुशल पन्छी तथा जैविकविविधता प्रेमी पनि हुनुहुन्छ। वहाँको जीवन उत्थान र कायाकल्प रिट्रीट सेन्टर नामक व्यवसाय पनि रहेको छ।

**श्री सन्जिव पुनज्यू** नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले जेडएसएल नेपालमा कार्यरत कर्मचारी हुनुका साथै कुशल पन्छी तथा जैविकविविधता प्रेमी पनि हुनुहुन्छ।

**डा. कमल थापाज्यू** नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ एक जीव विज्ञान तथा पारिस्थितिकीय विशेषज्ञ हुनुका साथै पन्छी तथा जैविकविविधता प्रेमी पनि हुनुहुन्छ।

**श्री विजय हितान मगरज्यू** नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ वातावरण संरक्षक हुनुका साथै कुशल पन्छी तथा जैविकविविधता प्रेमी पनि हुनुहुन्छ।

**श्री संगम पौडेलज्यू** नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ पन्छी तथा जैविकविविधता प्रेमी हुनुहुन्छ।

**श्री शेरप शेर्पाज्यू** यस नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ टुर गाइड हुनुका साथै पन्छी तथा जैविकविविधता प्रेमी पनि हुनुहुन्छ।



BirdLife International

BirdLife International विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि साझेदार संस्था हो।

BirdLife International ले विश्वभरिका चराहरू र त्यसको वासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको वासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

BirdLife International ले चराहरूका लागि महत्त्वपूर्ण योगदान गरेको छ। चराहरू वातावरणका सङ्केतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा महत्त्वपूर्ण योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछन्। पन्छीहरूको निकै ठूलो आर्थिक महत्त्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔंदेखि उत्साहित र आनन्दित पार्दै आएका छन् जसले वातावरणीय चेतना बढाउने अन्तर्राष्ट्रिय दूतको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

बर्डलाइफ इन्टरनेशनलका प्रमुख कार्यहरूमध्ये पन्छीहरूका महत्त्वपूर्ण क्षेत्रहरू (Important Bird & Biodiversity Areas, IBAs) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पन्छीका महत्त्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

## कार्यक्रम तथा उद्देश्यहरू

- विश्वव्यापी रूपमा पन्छी विविधता तथा तिनका वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।
- विश्वव्यापी रूपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउने तथा त्यसबारे प्रकाश पार्ने।
- वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रूपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रूपमा कार्यक्रम गर्ने।
- पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षणसम्बन्धी संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने।

नेपाल पन्छी संरक्षण संघ चरा र चराको वासस्थानको संरक्षणमा काम गर्ने अग्रणी गैर सरकारी संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूका बारेमा ज्ञान अभिबृद्धि गर्ने प्रमुख खतरा पत्ता लगाउने, तिनीहरूको वासस्थान संरक्षण गर्ने र विभिन्न समुदायको जीविकोपार्जनमा पनि टेवा दिने मूल सिद्धान्त रहेको छ।

यस संस्थाले चरा तथा जैविक विविधता संरक्षण गर्नका लागि अन्तर्राष्ट्रिय स्तरमा महत्त्व राख्ने नेपालमा ४२ वटा महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रहरू पहिचान गरी कार्यक्रम गर्दै आइरहेको छ।

नेपाल पन्छी संरक्षण संघ यसका कार्यकारी बोर्ड, संरक्षकहरू, आजीवन तथा साधारण सदस्यहरू, संघका शुभचिन्तकहरू तथा क्रियाशील समर्थकहरू रहेको संस्था हो।

नेपाल पन्छी संरक्षण संघ बर्डलाइफ इन्टरनेशनलको नेपालस्थित सदस्य संस्था हो। हामी चरा तथा जैविक विविधताको संरक्षणका लागि सबैजनाको सहयोगको अपेक्षा गर्दछौं।

यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू

Royal Society for the Protection of Birds, UK

BirdLife International


## नेपाल पन्छी संरक्षण संघ

पोष्ट बक्स १२४६५, काठमाण्डौ, नेपाल

फोन ०१-४५१७८०५, ०१-४५२०२१३

इमेल bcn@birdlifenepal.org

वेबसाइट www.birdlifenepal.org



- सम्पादक जयनाथ भण्डारी, आरती नेपाली
- लेआउट क्यालिग्राफिक डिजाइन स्टुडियो
- प्रकाशक नेपाल पन्छी संरक्षण संघ



*© २०८२ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।*